# प्यूठान नगरपालिकाको तेस्रो नगर सभामा प्रस्तुत

## आर्थिक वर्ष २०७५/७६ को

# बजेट तथा कार्यक्रम

प्यूठान नगरपालिका

## प्यूठान नगरपालिका

२०७५

प्युठान नगरपालिकाका नगर उपप्रमुख श्री शान्ता आचार्यले
मिति २०७५/०३/१० गते प्यूठान नगरपालिकाको
नगरसभामा पेश गर्नु भएको

# आर्थिक वर्ष २०७५/७६ को
# बजेट तथा कार्यक्रम

## प्यूठान नगरपालिका

बिजुवार, प्यूठान

५ नं. प्रदेश, नेपाल

२०७५

प्यूठान नगरपालिका

**प्युठान नगरपालिकाको सम्मानीत गरिमामय नगरसभाका अध्यक्ष महोदय,**

१. नगरसभामा उपस्थित हुनु भएका नगर सभाका सदस्य तथा सम्पूर्ण महानुभावहरुमा अभिवादन व्यक्त गर्दछु । प्यूठान नगरपालिकाको तेस्रो नगरसभामा नगर उपप्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०७५/७६ को बजेट प्रस्तुत गर्ने अवसर पाउँदा गौरवान्वित भएको छु । लोकतन्त्र स्थापनार्थ विभिन्न चरणमा भएका क्रान्ति, सशस्त्र संघर्ष तथा जनआन्दोलनको मर्मलाई सम्मान गर्दै शहीदहरुले गर्नु भएको त्याग, बलिदानी र जीवन उत्सर्गलाई उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

२. मुलुकका तीनवटै संघीय तहहरुको निर्वाचन प्रणाली सम्पन्न भएको छ । निर्वाचनका प्रतिवद्धता बमोजिम मुलुकमा राजनीतिक स्थिरता र समृद्धि तर्फको यात्रा उत्साद्प्रद देखिएको छ । नेपालको संविधान (२०७२० बमोजिम संघीय संरचनाका मुख्य सिद्धान्तहरु सहकारिता, समन्वय र सहअस्तित्व "**३स**" मा आधारित शासन पद्धतिलाई मुलुकको मार्गनिर्देशक सिद्धान्तको रुपमा लिइएको छ । साथै, संविधानमै स्थानीय तहको स्पष्ट अधिकार, जिम्मेवारी र आर्थिक कार्यप्रणालीको स्पष्ट व्यवस्था गरिएको छ ।

३. नेपाल सरकारले भावी सोचको रुपमा "**समृद्ध नेपाल, सुखी नेपाली**" नाराका साथ समाजवाद तर्फको प्रस्थानबिन्दुको रुपमा बजेट तथा कार्यक्रमहरु तर्जुमा गरेको छ । संघीय बजेटको दीर्घकालीन सोच र नीति सापेक्ष हुनेगरी प्रदेश ५ को वार्षिक नीति तथा कार्यक्रम र बजेटमा "**समृद्ध प्रदेश, सुखी जनता**" भन्ने दुरगामी सोंचका साथ बजेट तथा कार्यक्रमहरु तर्जुमा गरिसकिएको छ ।

४. प्यूठान नगरपालिकालाई संघ तथा प्रदेशबाट विनियोजित बजेट बाँडफाँटमा संवैधानिक कार्यक्षेत्र, निर्देशक सिद्धान्त तथा नीतिहरु, संघ तथा प्रदेशको सोच, क्षेत्रगत दीर्घकालीन योजना, आन्तरिक स्रोतको अवस्था, स्थानीय आवश्यकता र प्राथमिकताका क्षेत्रहरुको आधारमा स्रोतको परिचालन गर्नु आवश्यक छ ।

५. संघ तथा प्रदेशबाट प्राप्त सशर्त अनुदान तर्फ संघीय मार्गनिर्देशन र क्षेत्रगत विनियोजनलाई यस नगरसभाबाट अनुमोदन गरी कार्यान्वयनमा लैजानु आवश्यक छ । त्यसैगरी राजस्व बाँडफाँट तथा समानीकरण अनुदानमा विनियोजित बजेट र आन्तरिक स्रोतको परिचालन गर्दा नगरपालिकाले आफ्नो दीर्घकालीन नीति तथा कार्यक्रम प्राथमिकताका क्षेत्र निर्धारण गरी कार्यान्वयन गर्ने अवसर हामीसामू रहेको छ ।

**अध्यक्ष महोदय,**

६. अब म चालु आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेटको समीक्षा र नगरक्षेत्रको विद्यमान अवस्थाबारे जानकारी गराउने अनुमति चाहन्छु ।

७. प्यूठान नगरपालिकाको जिम्मेवारी र खर्चको आवश्यकताको तुलनामा नगरक्षेत्र भित्र न्यून आन्तरिक आय परिचालन गर्न सकिने अवस्था संघ तथा प्रदेशबाट विनियोजित बजेटको कसीमा रहेर कार्यक्रमहरु तर्जमा गर्नुपर्ने अवस्था, संस्थागत हुने क्रममा रहेको संरचनागत तथा कार्यप्रक्रियागत सीमितता, संघीय सरकारबाट आवश्यक जनशक्ति परिचालन हुन नसकेको यथार्थता र निर्वाचित जनप्रतिनिधिहरु उपर आम जनताको उच्च अपेक्षाका बीच चालु आर्थिक वर्षमा संचालित कार्यक्रमहरुको हालसम्मको प्रगति उपलब्धिमूलक र उत्साहप्रद देखिएको छ ।

८. चालु आर्थिक वर्ष २०७४/७५ को लागि विनियोजित कुल बजेटमध्ये संघबाट विनियोजित सर्शत अनुदान रु १६ करोड ८९ लाख १२ हजार पुग्ने संशोधित अनुमान छ, जुन बजेट तर्जुमाको अवस्थामा संघबाट प्रतिवद्धता भएको रकम भन्दा १६.३ प्रतिशतले बढी हो । समानीकरण अनुदान तर्फ विनियोजित बजेट रु २२ करोड ४७ लाख २४ हजार यथावत नै छ ।

९. विषयगत कार्यालयबाट संचालन गर्ने गरी बजेट तथा कार्यक्रममा आन्तरिकीकरण गरिएका कार्यक्रमहरु नगरपालिकाको दायरामा नआएको अवस्था छ । नगरक्षेत्रभित्र संचालित गैरसरकारी संस्थाबाट संचालित कार्यक्रमहरु र सोको उपलब्धी सम्बन्धी प्रतिवेदन प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ । बाँकी व्यय अनुमान मध्ये चालु आर्थिक वर्षको अन्त्यसम्म चालु खर्च ९५ प्रतिशत र पूँजीगत खर्च ९० प्रतिशत पुग्ने संशोधित अनुमान छ ।

१०. नगरक्षेत्रभित्रको कुल राजस्वको अनुमान रु ९८ लाख ५३ हजार ५ सय रहेकोमा कुल आन्तरिक स्रोतमा एकीकृत सम्पत्ति करको योगदान ५० प्रतिशत हाराहारीमा रहने अनुमान छ । जिल्ला समन्वय समितिबाट रोयल्टी बापत रु ४ लाख ५१ हजार प्राप्त भएको छ । समग्रमा कुल राजस्व लक्ष्य भन्दा बढी रु १ करोड पुग्ने संशोधित अनुमान रहेको छ । यद्यपी, मालपोत रजिष्ट्रेशन तर्फ जिल्ला मालपोत कार्यालयबाट संकलन हुने राजस्व नगरपालिकालाई प्राप्त हुन सकेको छैन ।

११. मैले बजेट तथा कार्यक्रम पेश गर्नुअघि नै प्यूठान नगरपालिकाका सामाजिक तथा आर्थिक परिसूचकहरु, राजस्व र व्ययको विवरण सहितको संशोधित अनुमान र हालसम्मको क्षेत्रगत प्रगति समेटिएको समीक्षा सम्बन्धी प्रतिवेदन यस सभामा प्रस्तुत गरिसकेको छु ।

**अध्यक्ष महोदय,**

१२. प्यूठान नगरपालिकाको नीति तथा कार्यक्रम बमोजिम उपलब्ध श्रोतलाई महत्तम परिचालन गरी प्यूठान नगरलाई नमूना नगरको रुपमा विकास गर्न "**समृद्ध नगर, सुखी नगरबासी**" भन्ने दीर्घकालीन सोंचका साथ आगामी आर्थिक वर्ष २०७५/७६ को लागि तयार गरिएको वार्षिक बजेट तथा कार्यक्रमको उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु । बजेट तथा कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) आवधिक योजना, भू-उपयोग नीति नगर सडक यातायात गुरुयोजना, नदी नियन्त्रण गुरुयोजना निर्माण गरी सोही आधारमा भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नती गर्ने ।

(ख) पर्यटन क्षेत्रमा लगानी प्रवर्द्धन, आत्मनिर्भर कृषि व्यवसाय, उद्यमशीलता विकास र उत्पादन, संरक्षण तथा बजारीकरणलाई प्रवर्द्धन गर्ने ।

(ग) सामाजिक समावेशीकरण र लैंगिक मूलप्रवाहीकरण गर्न लक्षित वर्गको हित अनुकूल हुने कार्यक्रम संचालन गर्ने ।

(घ) फोहोरमैला व्यवस्थापन, विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा सरसफाइ प्रवर्द्धनमा जोड दिने ।

(ङ) सेवा प्रवाहलाई प्रभावकारी बनाउने र भ्रष्टाचार मुक्त र सुशासनयुक्त नगरपालिका बनाउने ।

१३. बजेट तथा कार्यक्रमका मुख्य प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम पहिचान गरेको छु ।

(क) आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,

(ख) उत्पादनमूलक र छिटो प्रतिफल दिने,

(ग) राजस्व परिचालनमा योगदान पुर्‍याउने,

(घ) सेवाप्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने ,

(ङ) स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,

(च) लैंगिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,

(छ) दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्‍याउने,

(ज) समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशील बनाउने,

(झ) नगरक्षेत्र भित्रको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने ।

**अध्यक्ष महोदय,**

१४. अब म बजेट तर्जुमाका क्रममा अपनाइएको सिद्धान्त र प्रक्रियाका विषयहरु उल्लेख गर्न चाहन्छु ।

१५. बजेट तथा कार्यक्रम तर्जुमाका लागि राजस्व परामर्श समितिको बैठकको सिफारिशको आधारमा करको दर तथा दायराका विषयहरु दीगो र पूवानुमेय हुनेगरी सामान्य हेरफेर गरिएको छ ।

१६. संघ तथा प्रदेशबाट प्राप्त हुनुपर्ने राजस्व बाँडफाँट र अनुदानहरु स्थानीय सरकार संचालन ऐनले तोकेको अवधिभित्र प्राप्त हुन नसकेकोले बजेटको कार्यतालिकालाई सोही बमोजिम समायोजन गरी बजेट प्रक्रिया अघि बढाइएको थियो ।

१७. आयोजना तथा कार्यक्रमहरुको छनौट गर्दा बस्तीस्तरसम्म पुगेर आम जनताको आवश्यकताको आधारमा पहिचान गरिएको छ, बस्तीस्तरबाट आएका आयोजना तथा कार्यक्रमहरुलाई वडा समितिबाट प्राथमिकीकरण र स्वीकृत गरी नगर कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाएको छु ।

१८. प्यूठान जिल्लामा क्रियाशील राजनीतिक दलहरुसँगको अन्तरक्रिया, सरोकारबालाहरुसँगको छलफलबाट आयोजना तथा कार्यक्रम पहिचान गरिएको छ । लक्षित वर्गतर्फ विनियोजित बजेट नगरस्तरमा गठन भएका महिला सञ्जाल, बालसञ्जाल, दलित सञ्जाल, आदिवासी जनजाती सञ्जाल, अपांगता भएका व्यक्तिहरुको सञ्जाल तथा ज्येष्ठ नागरिकहरुसँगको अन्तरक्रिया गरी

**“आफ्नो बजेट, आफ्नै छनौट”** सिद्धान्तमा आधारित भएर बजेट तथा कार्यक्रमहरु तयार गरिएको छ ।

१९. स्रोत, बजेट तथा सीमा निर्धारण समितिको सिफारिश तथा नगर कार्यपालिकाको निर्णय बमोजिम नगरस्तरका ठूला तथा गौरवका आयोजना र कार्यक्रमहरुमा बजेट विनियोजनमा जोड दिइएको छ । प्रत्येक वडालाई समानुपातिक रुपमा प्रारम्भिक सीमा रु ६० लाख ५० हजार को प्रारम्भिक सीमा निर्धारण गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने व्यवस्था मिलाएको छु ।

२०. संघबाट विनियोजित सर्शत अनुदान तर्फ राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम, कृषि, पशु, वातावरण सरसफाई, महिला विकास कार्यक्रम, विद्यालय क्षेत्र विकास कार्यक्रम, एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम तथा क्षयरोग नियन्त्रणका लागि बजेट विनियोजन भई आएको छ । त्यसैगरी, प्रदेशबाट सशर्त अनुदान तर्फ खेलमैदान निर्माणका लागि बजेट विनियोजन भई आएको छ । प्रदेश सरकारबाट प्राप्त राजस्व बाँडफाँट तथा समानीकरण अनुदानतर्फ विनियोजित बजेट अनुमान रु १ करोड ६१ लाख २१ हजार रकम नगरपालिकाको उद्देश्य तथा प्राथमिकता र नगरपालिकाका गौरवका आयोजनामा बाँडफाँट गरिनेछ ।

२१. नगरपालिका तथा अन्य निकायबाट संचालित कार्यक्रमहरु बीच परिपुरक सम्बन्ध स्थापना गर्न नगरक्षेत्रभित्र विषयगत कार्यालयबाट संचालन गरिने कार्यक्रमहरु अनिवार्य रुपमा नगरपालिकासँग समन्वय गरी संचालन गर्न लगाउने र नगर क्षेत्रभित्र सञ्चालित गैर सरकारी क्षेत्रका कार्यक्रमहरुलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुरुप एकद्वार प्रणालीमार्फत कार्यक्रम स्वीकृति तथा नियमन गर्ने नीति लिएको छु ।

**अध्यक्ष महोदय,**

२२. अब म आगामी आर्थिक वर्षका लागि विनियोजित बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**भौतिक पूर्वाधार विकास**

२३. प्यूठान नगरपालिकालाई स्मार्ट सिटि (Smart City) बनाउने दूरगामी सोचका साथ भू-उपयोग गुरुयोजना, एकीकृत नगर विकास गुरुयोजना, नगर यातायात गुरुयोजना निर्माण गरी **“दीगो पूर्वाधारः समृद्धिको आधार”** निर्माण हुनेगरी भौतिक पूर्वाधार विकासको नीति लिइएको छ ।

२४. नगर चक्रपथ, मुख्य सडकहरु लगायत ठूला आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन ( डिपीआर) तयार गर्न पूँजीगत अनुसन्धानतर्फ रु ४० लाख विनियोजन गरेको छु ।

२५. मित्रमणी चोक देखि नगरपालिकाको प्रशासकीय भवनहुँदै खलंगा जोड्ने सडकलाई कालोपत्रे गरिनेछ । सडक पूर्वाधार तर्फ वडास्तरमा रु २ करोड ४९ लाख २० हजार र नगर कार्यपालिकाबाट कार्यान्वयन गर्ने रु ७५ लाख गरी कुल ३ करोड २४ लाख  २० हजार विनियोजन गरेको छु ।

२६. भौतिक पूर्वाधारहरुको स्तरोन्नति गरी बाह्रै महिना सडकमा सवारी साधन चल्ने बनाउन सडक पूर्वाधारहरुको निर्माण गर्दा दीगोपना तथा वातावरणीय पक्षलाई ध्यान दिईनेछ, त्यसको लागि मर्मत

संभार कोषको ब्यवस्थालाई निरन्तरता दिएको छु । मर्मत संभार कोष संचालनका लागि कार्यविधि तर्जुमा गरिनेछ ।

२७. उर्जा विकास, खानेपानी, सिंचाई विकासका कार्यक्रमहरु संचालनका लागि रु १ करोड ७५ लाख विनियोजन गरेको छु ।

**आर्थिक विकास**

२८. प्यूठान नगरपालिकामा "**आर्थिक विकासको आधार, कृषि, उद्योग, र सेवाक्षेत्रको विस्तार**" का लागि कृषि, पर्यटन, उद्यमशीलताका क्षेत्रमा केन्द्रित भई कार्यक्रमहरु संचालन गरिनेछ । कृषिको आधुनिकीकरण, ब्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरणमा जोड दिने तथा लागत सहभागिताको आधारमा प्रविधि हस्तान्तरणमा अनुदान उपलब्ध गराउने नीति लिएको छु ।

३०. पशुपालन तर्फ ब्यावसायिक पशुफार्म प्रवर्द्धन, नश्ल सुधार तथा पशु आहार स्रोतकेन्द्र विकासको लगायत बाख्रापालन तथा कुखुरापालन जस्ता क्षेत्रहरुको प्रवर्द्धनको को नीति लिइनेछ । कृषि क्षेत्र र पशुपालन तर्फ रु १ करोड १० लाख विनियोजन गरेको छु ।

३१. पर्यटन प्रवर्द्धनका लागि लिस्ने लेक, भित्रीकोट, ठूलोपोखरी र राजगुरु दरवार, मरण्ठानाकोट, दाखाकोट दरवार, बाइसधारा, कालिका मन्दिर, सिद्धगुफा लगायत पर्यटकीय स्थल संरक्षण तथा अन्य संभाब्य पयटकीय स्थलको पहिचान र विकासमा जोड दिइनेछ । पार्क तथा उद्यान निर्माणका कार्यक्रमहरु संचालन गरिनेछ । त्यसैगरी प्यूठान नगरक्षेत्र भित्र सांस्कृतिक विकास र पर्वहरुको संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ । झुलेनी पर्यटकीय स्थल संरक्षणका लागि रु १० लाख विनियोजन भएको छ, त्यस्तै पर्यटन प्रवर्द्धन, पार्क तथा उद्यान निर्माण र सांस्कृतिक विकासका क्षेत्रमा रु ७२ लाख विनियोजन गरेको छु ।

३२. गरिबी न्यूनीकरणका लागि लघु उद्यमसँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्दा लघु उद्यम विकास मोडेलमा उद्यमी सिर्जना गर्ने कार्यक्रमलाई लक्षित वर्गसम्म पुग्ने नीति लिइनेछ । जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ । जनता आवास कार्यक्रम र गरिवी न्यूनीकरणका कार्यक्रमहरु तर्फ रु ८० लाख ८० हजार विनियोजन गरेको छु ।

३३. प्यूठान नगरक्षेत्रको विकासका लागि सार्वजनिक निजी साझेदारी, सहकारी क्षेत्रको प्रवर्द्धन र ब्यवसायमैत्री कार्यक्रमहरु संचालन गरिनेछ ।

**सामाजिक विकास**

३४. प्यूठान नगरक्षेत्रमा "**समतामूलक समाज, लक्ष्यित वर्गको आवाज**" सामाजिक विकास तर्फ महिला, दलित, अपांगता भएका ब्यक्ति, आदिवासी जनजाती र ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरु संचालनका लागि रु ८५ लाख विनियोजन गरेको छु ।

३५. ज्येष्ठ नागरिक सेवाकेन्द्र निर्माण कार्य अघि बढेको छ । ज्येष्ठ नागरिकहरुलाई निःशुल्क आँखा उपचारलाई निरन्तरता दिएको छु । अन्तरपुस्ता सीप हस्तान्तरण तथा ज्येष्ठ नागरिकहरुलाई नवीन प्रविधिमा पहुँच स्थापनामा जोड दिने कार्यक्रमहरु संचालन गरिनेछ । जेष्ठ नागरिकहरुलाई संरक्षण

तथा सम्मान र भवन निर्माणका लागि नपुग जग्गा खरिद गर्ने कार्यक्रम समेतका लागि आवश्यक रकम रु ३३ लाख विनियोजन गरेको छु ।

३६. दलित मानवअधिकार परामर्श तथा राहत कोष स्थापना, प्रत्येक वडामा अभिमूखीकरण कार्यक्रम र वडा सञ्जालहरु गठन गरिनेछ, सीपमूलक र स्वरोजगार तालिम तथा प्रवर्द्धन गर्ने र कामको सम्मान हुने वातावरण सिर्जना गरिनेछ । दलित लक्षित कार्यक्रमका लागि रु १० लाख विनियोजन गरेको छु ।

३७. आदिवासी जनजातीको संस्कृति, भेषभूषा संरक्षण हुने तथा मौलिकता जर्गेना गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने, वडास्तसम्म नै आदिवासी जनजाति सञ्जाल गठन गर्ने तथा आदिवासी जनजातीको अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु संचालन र आय आर्जन तर्फका कार्यक्रमहरु संचालन गर्न रु १२ लाख विनियोजन गरेको छु ।

३८. अपांगता भएका व्यक्ति लक्षित कार्यक्रमहरु तर्फ सीप विकास र प्रविधि हस्तान्तरण, अपांगता भएका व्यक्तिहरुको लागि नगरस्तरीय कोष तथा दिवसीय कार्यक्रमहरु संचालन गर्न रु ५ लाख विनियोजन गरेको छु ।

३९. बाल श्रमको अन्त्य, बाल बिवाहको अन्त्य, बालमैत्री पूर्वाधारहरुको निर्माणमा प्रेरित गर्ने कार्यक्रमहरु संञ्चालन गरिनेछ, साथै, आगामी आर्थिक वर्षभित्रै नगरक्षेत्रको वडा नं. ८ समेत केही वडाहरुलाई बालमैत्री वडा घोषणा गरिनेछ र निकट भविष्य मै प्युठान नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्न बालबालिकाको स्थिति प्रतिवेदन, आवधिक योजना र लगानी योजना तर्जुमा गर्ने कार्यक्रम र जिल्लास्तरीय बाल संरक्षण गृह स्थापनाका लागि समेत जम्मा रु १५ लाख विनियोजन गरेको छु ।

४०. आगामी आर्थिक वर्षमा सामाजिक सुरक्षाभत्ता पूर्णरुपमा बैंकिंग प्रणालीबाट वितरण गर्ने लक्ष्य रहेको छ । सामाजिक सुरक्षा भत्तातर्फ संघीय सरकारबाट रु ६ करोड ४३ लाख रकम प्राप्त हुने अनुमान गरेको छु ।

४१. प्यूठान नगरपालिका क्षेत्रमा विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तरगत नमूना विद्यालय गुरुयोजना मार्फत् विद्यालयहरुको भौतिक पूर्वाधार विकास र सुदृढीकरणमा जोड दिइनेछ । यसको लागि रु १ करोड ८९ लाख विनियोजन गरिएको छ ।

४२. नगर क्षेत्रभित्रका अस्पताल, स्वास्थ्य केन्द्र र शहरी स्वास्थ्य केन्द्रहरुको जनशक्ति तथा प्राविधिक क्षमता बढाईनेछ ।

४३. युवा लक्ष्यित कार्यक्रम खेलकुद कार्यक्रमहरु तर्फ रु १५ लाख र नगरस्तरीय खेलमैदान निर्माणका लागि रु ७५ लाख विनियोजन गरिएको छ ।

**वातावरण व्यवस्थापन**

४४. प्यूठान नगरपालिका क्षेत्रमा सरसफाइ, ढलनिकास तथा विपद व्यवस्थापनमा **"दीगो विकासको आधार, भावी सन्ततीको अधिकार"** मार्गदिशा लिई बजेट तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

४५. फोहोरको उत्पादनकर्ता नै फोहोर व्यवस्थापक हुनुपर्ने र प्रदुषक देय (Polluters Pay) को सर्वमान्य सिद्धान्त र सार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम फोहोरमैला व्यवस्थापन गरिनेछ । घर

सार्वजनिक निजी साझेदारी स्थानीय फोहोर संकलन समिति तथा टोल विकास संस्थासँग छलफल गरी न्युनतम फोहोर संकलन शुल्क लगाईनेछ । सरसफाइ तथा ढल निकासतर्फ रु ४० लाख विनियोजन गरेको छु ।

४६. वन तथा वातावरण र प्रकोप व्यवस्थापनका लागि रु ४० लाख विनियोजन गरेको छु । वन क्षेत्रतर्फ श्रीखण्ड खेती विस्तार, नर्सरी तथा बिरुवा उत्पादनका कार्यक्रमहरु संचालन गरिनेछ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रतिकार्य योजना तर्जुमा र नगर/वडास्तरीय कार्यक्रमहरु संचालन गरिनेछ ।

**सुशासन तथा सेवाप्रवाह**

४७. भ्रष्टाचार विरुद्द शुन्य सहनशीलता नीति लिई प्यूठान नगरलाई **"शुन्य भ्रष्टाचार, सुशासनको आधार"** को रुपमा स्थापित गर्ने नीति लिइनेछ ।

४८. सार्वजनिक सेवाप्रवाहमा सुधार गर्न विद्युतीय हाजिरी, नगरक्षेत्रमा सिसि क्यामेरा जडान, डिजिटल सूचना बोर्डको व्यवस्था गर्ने नीति लिइएको छ । वडास्तरमा आवश्यकता अनुसार प्राविधिक जनशक्तिको व्यवस्था र एक वडा एक सामाजिक परिचालकको व्यवस्थाका लागि आवश्यक बजेट छुट्याएको छु ।

४९. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्न प्राविधिक क्षमता विकास तालिमहरु, सेवाप्रवाहमा सुधार सम्बन्धी अभिमूखीकरण कार्यक्रमहरु संचालन गरिनेछ । उपभोक्ता समितिका पदाधिकारीको अभिमूखीकरण, टोल विकास समितिका पदाधिकारीको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।

**अध्यक्ष महोदय,**

४९. अव म आगामी आर्थिक वर्ष २०७५/७६ को लागि प्यूठान नगरपालिकाको राजस्व र व्ययको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५०. प्यूठान नगरपालिकाको कुल आय रु ५२ करोड ११ लाख ५ सय रहने अनुमान गरेको छु । जसमध्ये, संघबाट समानीकरण अनुदान रु ११ करोड ५३ लाख, सर्शत अनुदान रु २० करोड ९० लाख र राजस्व बाँडफाँट तर्फ रकम रु ८ करोड ३२ लाख प्राप्त हुने अनुमान छ । प्रदेशबाट सशर्त अनुदान रु ७५ लाख र समानीकरण अनुदान रु ४५ लाख ३७ हजार र सवारी साधन करको अनुमानित राजस्व बाँडफाँट रु १ करोड १५ लाख ८४ हजार प्राप्त हुने अनुमान छ । त्यसैगरी, सामाजिक सुरक्षातर्फ संघबाट विनियोजन हुने अनुमानित रकम रु ६ करोड ४३ लाख, आन्तरिक राजस्वतर्फ रु १ करोड १३ लाख ९९ हजार ५ सय, चालु अर्थिक वर्षको अनुमानित बचत रु ६१ लाख हुने अनुमान छ भने घरजग्गा रजिष्ट्रेशन तर्फ जिल्ला समन्वय समितिबाट बाँडफाँट हुने रकम रु ५७ लाख र जिल्ला समन्वय समितिबाटै रोयल्टी बापत रु २५ लाख प्राप्त हुने अनुमान छ ।

५१. प्यूठान नगरपालिकाले बजेट तथा कार्यक्रम तर्जुमामा सन्तुलित बजेटको सिद्धान्तलाई अवलम्बन गरेको व्यहोरा अवगत गराउन चाहन्छु । कुल विनियोजन मध्ये पूर्णरुपमा वडास्तरबाट कार्यान्वयन हुनेगरी रु ६ करोड ५० लाख विनियोजन गरिएको छ ।

५२. प्युठान नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम, २०७५ सभाध्यक्षबाट यसअघि नै नगर सभामा पेश भइसकेको छ । यस बजेट बक्तब्य सँगसँगै प्यूठान नगरपालिकाको आर्थिक विधेयक, २०७५ र प्यूठान नगरपालिकाको विनियोजन विधेयक, २०७५ स्वीकृतिका लागि नगर सभामा पेश गरिएको छ उक्त कार्यक्रम तथा विधेयकहरु नगर सभाको यसै सत्रबाट पारीत हुने अपेक्षा लिएको छु ।

५३. **अन्त्यमा,**

बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा सल्लाह, सुझाव तथा पृष्ठपोषण प्रदान गर्नुहुने नगरबासीहरु, राजनीतिक दलहरु, संघसंस्थाहरु र नगरपालिकाका कर्मचारीहरुलाई हार्दिक आभार साथै धन्यवाद ब्यक्त गर्दछु । प्रस्तावित बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट प्यूठान नगरवासीका आकांक्षा र आवश्यकतालाई सम्बोधन गर्न र नगरपालिकाको दीर्घकालीन सोच हासिल गर्न सफल हुनेछ भन्ने विश्वास लिएको छु । बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सबै सरोकारबाला पक्षहरुको साथ र सहयोग रहने अपेक्षा समेत गर्दछु ।

**धन्यवाद !**

प्युठान नगरपालिका